# रोजगार बुलेटिन

## लालझाडी गाउँपालिका

## रोजगार सेवा केन्द्र

**आ.व. २०८०/८१**



सर्वाधिकार ©:

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
**रोजगार सेवा केन्द्र**
शंकरपुर, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल
वेभसाईट: www.laljhadimun.gov.np
इमेल: laljhadirmnc@gmail.com

**संरक्षक**
**श्री निर्मल राना**
**गाउँपालिका अध्यक्ष**

**सल्लाहकार**
**श्री सपना चौधरी राना**
**गाउँपालिका उपाध्यक्ष**

**सल्लाहकार**
**श्री राज बहादुर सार्की**
**प्रमुख प्रशासकीय अधिकृत**


## सम्पादन मण्डल

संयोजक

रोजगार संयोजक, श्री केशव दत्त पन्त

सदस्यहरू

प्राविधिक सहायक, श्री दिनेश पाण्डेय, रोजगार सहायक, श्री नयन चौधरी



# मनतव्य

लालझाडी गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रले मूख्य गरी बेरोजगार व्यक्तिहरुको सूचना संकलन,पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्दै आएको छ। यसले आफ्नो कार्यक्षेत्रमा केन्द्रित रही बार्षिक रुपमा सम्पादन भएका क्रियाकलापहरूको बारेमा सरोकारवालाहरू समक्ष जानकारी उपलब्ध गराउन यस बर्ष देखि बार्षिक रुपमा बुलेटिन प्रकाशन ल्याइएको छ।

सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ समेतले सार्वजनिक प्रशासनलाई खुला, पारदर्शी, नागरिकप्रति जवाफदेही तथा जिम्मेवार बनाउने कुरामा जोड दिएको छ। सार्वजनिक निकायबाट सम्पादन भएका क्रियाकलापका बारेमा सरोकारवालाहरूलाई सुसूचित बनाउने,सम्पादित काममा पारदर्शीता कायम गर्ने तथा नागरिकको सूचनामा सहज पहुँच स्थापित गराउने एक महत्वपूर्ण माध्यमका रुपमा सार्वजनिक निकायबाट प्रकाशित हुने जानकारी बुलेटिनलाई लिने गरिन्छ। रोजगार सेवा केन्द्रले सम्पादन गरेका क्रियाकलापका बारेमा पारदर्शी रुपमा जानकारी उपलब्ध गराई सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०८०/०८१ को अवधिमा भएका मूख्य गतिविधिहरू समेटेर रोजगार बुलेटिन पहिलो पल्ट नौलो अभ्यासका रुपमा प्रकाशन गरिएको छ।

बुलेटिनको प्रकाशनबाट रोजगार सेवा केन्द्रले सम्पादन गरेका कार्यहरूका बारेमा सहज रुपमा जानकारी उपलब्ध हुनुका साथै श्रम तथा रोजगारीका क्षेत्रमा सम्पन्न भएका क्रियाकलापलाई पारदर्शी र जनमुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु। रोजगार सेवा केन्द्रबाट सम्पन्न भएका कृयाकलाप तथा यस बुलेटिन तयार गर्दा सहयोग, सल्लाह र हौसला दिन हुने लालझाडी गाउँपालिका जनप्रतिनिधि,कर्मचारी तथा सरोकारवाला सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।



निर्मल राना

लालझाडी गाउँपालिका

अध्यक्ष

## बिषयसूची


१. रोजगार सेवा केन्द्र ........ २

२. प्रधानमन्त्री रोजगार कार्यक्रम ........ ६

३. युवा रोजगारीका लागि रुपान्तररण पहल आयोजना ........ ८

४. बेरोजगार व्यक्तिको लगत संकलन ........ ८

५. स्थानीय निर्देशक समितिको बैठक ........ १०

६. श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम ........ १०

७. सुरक्षित वैदेशिक रोजगारी कार्यक्रम ........ १२

८. कार्यस्थल पूर्व श्रमिक अभिमुखीकरण ........ १३

९. रोजगार सम्वाद मञ्च ........ १४

१०. स्थानीय तहको रोजगार रणनीति अध्यावधिक र कार्यान्वयन ........ १५

११. स्थानीय रोजगारदाता तथ्याङ्क संकलन ........ १६

१२. व्यक्तिगत श्रम स्वीकृत, पुन: श्रम स्वीकृति ........ १७

१३. दक्ष जनशक्ती तथ्याङ्क संकलन ........ १८

१४. रोजगार मूलक योजना ........ १९

१५. आयोजनाको अनुगमन तथा मूल्याङ्कन ........ २०

१६. कार्यक्रमका मुख्य उपलव्धीहरु ........ २१

१७. कार्यक्रमका अवसरहरु ........ २१

१८. कार्यक्रमका चुनौतीहरु ........ २२

१९. सल्लाह र सुझावहरु ........ २२

२०. वित्तीय प्रगति ........ २३

२१. सामाजिक र आर्थिक प्रभाव ........ २३

२२. रोजगारमूलक योजनाहररुमा खर्च विवरण ........ २४


२३. प्रमुख योजनाहरुको फोटो ........ ३१

# १. रोजगार सेवा केन्द्र

नेपाल सरकारको मन्त्री परिषदले २०७५ साल मसिंर ३ गतेको निर्णय पश्चात रोजगारीको हक सम्बन्धी ऐन, २०७५ दफा १० को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि मिति २०७५ मंसिर २४ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित पश्चात प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन,पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार लालझाडी गाउँपालिकमा पनि विधिवत रुपमा मिति २०७५ फाल्गुन २६ गते रोजगार सेवा केन्द्रको स्थापना भएको हो।

केन्द्रहरु श्रमिकहरुलाई रोजगार सम्बन्धी सेवाहरु सहज र व्यवस्थित बनाउनका लागि स्थापना गरिएका हुन् । रोजगार सेवा केन्द्रको कामको सङ्घीय तहबाट निर्देशन, समन्वय र सहजीकरण गर्ने जिम्मेवारी श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको हुनेछ भनेर व्यवस्था गरिएको छ । प्रमुख तह रोजगार सेवा केन्द्रले रोजगारको अभिलेख राख्ने, रोजगार खोज्नेलाई मार्गदर्शन गर्ने,रोजगारदाता र कामदारबीचको सहजीकरण गर्ने, बेरोजगारलाई विभिन्न तालिमहरू उपलब्ध गराउने,रोजगारी हक सम्बन्धी ऐनलाई कार्यान्वयन गर्न विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने भनिएको छ ।

## प्रमुख कार्य



## बजेट

यस आर्थिक बर्ष २०८०/८१ मा श्रम रोजगार का क्षेत्रमा नेपाल सरकार बाट जम्मा रु. ६६,००,००० र यस लालझाडी गाउँपालिका बाट जम्मा रु २,५०,००० गरि कुल रकम रु ६८,५०,००० रहेको थियो । जसमध्ये संघीय शर्शत मार्फत रोजगारी सिर्जना खर्च शिर्षक अन्तर्गत ४६,११,००० रहेको थियो भने बाँकी रकम प्रशासनिक तथा रोजगार तथा श्रमका अन्य क्रियाकलाप गर्न बिनियोजित गरिएको थियो।

| क्र.स | विवरण | बिनियोजित | खर्च | बाँकी | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार शर्शत अनुदान | २९,००,००० | २८,८०,९२६ | १९०७४ | ९९.३४ |
| २ | विश्व वैंक सहयोग शर्शत संघीय | ३७,००,००० | ३४१०६४० | २८९३६० | ९२.१८ |
| ३ | आन्तरिक स्रोत स्थानीय तह | २,५०,००० | २५०००० | ० | १०० |
| कुल जम्मा | | ६८,५०,००० | ६५,४१,५६६ | ३,०८,४३४ | ९५.४९ |

## जनशक्ती

रोजगार सेवा केन्द्रको सुरुवात भए सँगै नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ले रोजगार सेवालाई प्रभावकारी बनाउन हाल ३ जनाको अस्थायी दरबन्दी सृजना गरि करार सेवा बाट जनशक्ती व्यवस्थापन गरिएको छ। लालझाडी गाउँपालिका को रोजगार सेवा केन्द्रमा निम्नानुसार जनशक्तीको व्यवस्थापन रहेको छ।

**रोजगार सेवा केन्द्र**



केशव दत्त पन्त

रोजगार संयोजक



दिनेश पाण्डेय

प्राविधिक सहायक




नयन चौधरी


रोजगार सहायक


## फर्केर हेर्दा


आ.व. २०७५/७६ को फागुन २६ पश्चात यस लालझाडी गाउँपालिका रोजगार सेवा केन्द्रले यस क्षेत्रमा रहेको अति विपन्न श्रमिकहरुलाई रोजगारीको हक सम्बन्धी ऐनलाई कार्यान्वयन गर्दै उनीहरुको जीवनस्तर तथा पालिका पुर्वाधार विकासमा सहयोग पुर्‍याउँदै आएको छ। देशकै प्रमुख सम्स्या रहेको गरिबी बेरोजगारीहरु लाई उनीहरुले पाउने श्रम सामजिक सुरक्षा, रोजगार परार्मश, उद्यमशीलता सहयोग तथा सीप विकास सहयोग जस्ता सेवाहरु एकीकृत श्रम तथा


रोजगार सेवा संचालन व्यवस्थापन कार्यविधि २०८० बमोजिम सेवाहरु प्रवाह हुँदै आएको छ। यस रोजगार सेवा केन्द्र सुरुवात देखि आ.व. २०८०/८१ सम्म तथ्याङ्किय रुपमा संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ।






## हाल सम्म गरिएको प्रमुख कार्यहरु

- कुल ५५४७ जना सूचीकृत बेरोजगार सूचीमा दर्ता भएको जसमध्ये महिला ३२११ र पुरुष २३३६ रहेका
- कुल ८४५ जनाले अस्थायी रोजगारी पाएको महिला ६० प्रतिशत भन्दा अधिक रहेको र जम्मा ४३३२९ दिन रोजगार सिर्जना भएको
- सूचीकृत बेरोजगारीहरु मध्ये १५ प्रतिशतले मौसमी रोजगारी पाएको ।
- हाल सम्म ८० वटा रोजगार मूलक योजना संचालन मार्फत रोजगारी सिर्जना गरिएको ।

- सार्वजनिक पूर्वाधारमा साझेदारीका माध्यमबाट विद्यालय भवन निर्माण, बगौँचा निर्माण, गणित पार्क निमार्ण, जैविक तथा पक्की तटबन्धका आदि संरचना निर्माणमा महत्पपूर्ण योगदान गरेको ।
- सडक ट्र्याक, सडक स्तरोन्नती,जैविक मार्गमा निमार्णका माध्यमबाट भौगोलिक सुगमतामा सहयोग पुऱ्याएको।
- श्रमिकहरु लाई गरिबी न्यूनीकरण, वित्तीय पहुँच र रोजगार तथा उद्यमशीलता तर्फ आकर्षित गरिएको ।
- हाल सम्म ५० कि.मी कच्ची सडकको ट्र्याक खोलिएको ।
- १.५ कि.मी. जैविक र २००मि. पक्की तटबन्ध निर्माणमा सहयोग मार्फत विपद व्यवस्थापनमा सहयोग पुऱ्याएको।
- श्रमको सम्मान गर्ने साँस्कृतिक विकास तथा समाजिक बिकासमा सहयोग पुगेको ।
- रोजगार रणनीति तयार गरि कार्यान्वयनमा रहेको ।

### रोजगार सेवा सम्बन्धी कानुन, कार्यविधि तथा मापदण्ड

- रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि २०८०
- रोजगार रणनीति २०८०
- रोजगार सम्वाद मञ्च संचालन

## २. प्रधानमन्त्री रोजगार कार्यक्रम

नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक लाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो। सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो । सो अनुसार वि.सं. २०७५ फाल्गुन १ गते सम्मानीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो।

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक, रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ। त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरु) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था

रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार ब्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यवस्था गरेको छ। यसरी सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदी नियन्त्रण, वन,पर्यटन, यातायात, पूर्वाधार लगायतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार ब्यक्तिहरुको लागि रोजगार सेवा तथा सहायता, बेरोजगार ब्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी, रोजगारी सृजनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गर्ने काम गर्दछ।

रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ।

श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीचमा अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछन। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप र अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न उद्यशीलता तालिम प्रदान गर्ने र उद्यमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपालब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ।

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहका सरकारहरूलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ। तीनै तहका सरकार अन्तर्गतका निकायहरूबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू संचालन हुने गरेका छन्। यसरी विभिन्न तहका सरकार र निकायहरूबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू बीच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ।

## कार्यक्रमको दीर्घकालिन सोंच

ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जना मार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यस कार्यक्रमको दीर्घकालीन सोच रहेको छ।

## कार्यक्रमको लक्ष्य:

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्य गर्नका लागि "आन्तरिक रोजगारिका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन" लक्ष्य निर्धारण गरेको छ।

## कार्यक्रमको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोंच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्देश्यहरु रहेका छन् ।

- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।
- आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने ।
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने।
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

# ३. युवा रोजगारीका लागि रुपान्तररण पहल आयोजना

नेपालको रोजगार सेवा तथा श्रम बजारको नतिजामा सुधार गर्न विश्व बैङ्कको सहुलियतपूर्ण ऋण सहयोगमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना(Youth Employment Transformation Initiative Project) सञ्चालनमा रहेको छ ।

यस आयोजनाले प्रम रोका सँग आवद्ध भई रोजगारीको अवसरहरु सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरुमा लक्षित बर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षित वर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ।

## आयोजनाको उद्देश्य

- रोजगारीको सेवा, सुविधा र प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गर्ने,
- रोजगारीका अवसरहरुको सिर्जना गर्ने,
- रोजगारसेवाको प्रवर्द्धन मार्फत बेरोजगारीको दर न्यूनीकरण गर्ने।

# ४. बेरोजगार व्यक्तिको लगत संकलन

रोजगारीको हक सम्बन्धी ऐन,नियमावलीमा भएको व्यवस्था अनुसार आ.व.२०७८/७९ को फागुन महिना भरि यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु मार्फत बेरोजगार ब्यक्तिहरुको निवेदन संकलनको काम गरिएको थियो। बेरोजगार ब्यक्तिहरुको तथ्यांक संकलनका लागि वडा सचिवहरुलाई अनुशिक्षण र जनप्रतिनिधिलाई अभिमुखीकरण

गरिएको थियो साथै इच्छुक बेरोजगारहरुलाई रोजगार सेवा केन्द्र मार्फत हुने क्रियाकलापहरुमा समेत फारम भर्न जानकारी गराइएको थियो। गाउँपालिकाका सवै वडा कार्यलयहरुमा निवेदन दर्ता गर्न सूचना प्रकाशन गरिएको थियो।

सर्व साधारणको जानकारीको लागि उक्त सूचनालाई लालझाडी गाउँपालिका रोजगार सेवा केन्द्रको अफिसियल फेसबुक पेज, गाउँपालिकाको फेसवुक पेज का माध्यम तथा यस गाउँपालिका एवं अन्तर्गतका कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँसिएको थियो। तत् पश्चात हरेक वडा कार्यालयहरुमा निशुल्क रुपमा निवेदन फारम पाउने व्यवस्था गरिएको थियो। गाउँपालिका भरिमा कुल ५३५ जना वेरोजगार व्यक्तिहरुले रित पूर्वक निवेदन दर्ता गराएको थियो।


निवेदन दिनेहरुमा महिलाहरु कै सहभागिता अधिक रहेको थियो। लिंगको आधारमा पुरुष १४३ र ३९२ महिला हरु न्यूनतम रोजगारीका लागि बेरोजगार सूचीमा दर्ता हुन निवेदन पश्चाता सूचीकृत भएका थिए। शैक्षिक योग्यता भएका अर्थात माध्यमिक तथा उच्च शिक्षा हासिल भएका वेरोजगार व्यक्तिहरुको निवेदन अत्यन्तै थोरै रहेको थियो भने साधारण साक्षर तथा  निरक्षर व्यक्तिहरुको निवेदन बढी दर्ता भएको थियो । प्राप्त निवेदनहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

## लिंगका आधारमा वडागत वेरोजगार व्यक्तिहरुको विवरण

लालझाडी गाउँपालिकामा दर्ता भएका कुल ५३५ वटा निवेदन मध्ये लिंगका आधारमा हेर्दा पुरुष १४३ जना अर्थात २६.७२ प्रतिशत रहेका थिए भने महिला ३९२ जना अर्थात ७३.२७ प्रतिशत निवेदन रहेका थिए। तुलानात्मक रुपमा यस कार्यक्रम प्रति महिलाको आकर्षण अत्यधिक रहेको देखाउँछ भने पुरुषहरु प्राय न्यूनतम रोजगारीमा संलग्न हुन भन्दा पनि दिर्घकालीन रोजगारीका अवसर तथा बढी पारिश्रमिक पाउने काममा संलग्न हुन चाहेको हो कि भन्ने देखिन्छ।

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २० | ३३ | ५३ |
| २ | २६ | ६३ | ८९ |
| ३ | २५ | ३३ | ५८ |
| ४ | ५७ | १८३ | २४० |
| ५ | ९ | ५३ | ६२ |
| ६ | ६ | २७ | ३३ |
| जम्मा | १४३ | ३९२ | ५३५ |

यसबाट के देख्न सकिन्छ भने बिगत भन्दा महिलाहरु समाजका हरेक क्षेत्रमा अगाडि बढ्दै गएको र महिलाहरुमा पनि सार्वजनिक पूर्वाधार विकासको क्षेत्रमा काम गर्ने प्रवृति दिनप्रति दिन विकास हुदै गएको देखिन्छ। वेरोजगार ब्यक्तिहरुको जातिगत विवरण माथी प्रस्तुत Chart  देखाइरएको छ।




## ५. स्थानीय निर्देशक समितिको बैठक

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विभिन्न क्रियाकलाप एवं कार्यक्रमहरुको व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न तथा आवश्यक विषयमा नीतिगत सल्लाह, सुझाव, परामर्श एवं निर्देशन गर्न रोजगारीको हक सम्बन्धी ऐनको नियमावली २०७५ मा व्यवस्था बमोजिम आवश्यक पर्दा स्थानीय निर्देशक समितिको बैठक बस्ने गर्दछ।

त्यही अनुरुप आ.व. २०८०/८१ मा तपसिलका मितिमा निर्देशक समितिको बैठक बसी आवश्यक निर्णय गरिएको थियो।

निर्देशक समितिको बैठक: मिति २०८०/११/१९ र २०८०/१२/०४ गते

निर्णयहरु : वडा स्तरीय श्रमको सम्मान तथा श्रमिक सम्मान कार्यक्रमका सम्बन्धमा।
बेरोजगार सूचीकरण तथा रोजगार रणनीति अध्यावधिक सम्बन्धमा।
रोजगार संवाद मञ्च आयोजनमा कार्यक्रम गर्ने।

## ६. श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम

नेपालमा जातजातीका आधारमा काम वा पेशाको बाँडफाँट गरिएकोले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरूमा सामाजिक प्रतिष्ठाका कारण युवा श्रमशक्तिहरूलाई आकर्षण गर्न सकिरहेको हुँदैन। सामाजिक प्रतिष्ठा के कारण युवा श्रमशक्तिहरू विभिन्न कष्टहरू सहेर पनि वैदेशिक रोजगारीमा जाने बाध्यता रहेको छ। यसलाई निरुत्साहित गर्न श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८ जारी भई कार्यान्वयनमा रहेको छ। श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत यस रोजगार सेवा केन्द्रले वडा स्तरीय तपसिलका कार्यक्रमहरु सञ्चालन गरिएको थियो।

कुल बजेट: ५०००० खर्च ५००००

### छलफल गरिएका विषयवस्तु

- नेपालको संविधानमा श्रम तथा रोजगार सम्बन्धी मौलिक हक तथा राष्ट्रिय नीति
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावलीको संक्षिप्त जानकारी
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको संक्षिप्त जानकारी
- श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८ का बिषयवस्तुमा जानकारी
- बेरोजगार आवेदन दर्ता सहजीकरण
- श्रमिक सम्मान प्रत्येक वडाबाट सार्वजनिक बिकास निर्माणमा योगदान पुऱ्याए वापत एक – एक जनालाई सम्मान




- रोजगारमूलक सेवा तथा योजनाहरुमा श्रमिक खटनपटज
- श्रमिकका जिज्ञासा का साथै स्थानीय रोजगारीका अवसरका चुनौतीहरुका सम्बन्धमा छलफल

## कार्यक्रमको उपलब्धि

श्रमको सम्मान, राष्ट्रको अभियान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रमबाट निम्नानुसारका अपेक्षित उपलब्धीहरु हासिल हुनेछन्।

- प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी जानकारी भएको।
- रोजगार सेवा केन्द्रको काम कर्तव्य सम्बन्धी जानकारी भएको।
- नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकामा रोजगारी सम्बन्धी भएको व्यवस्थाहरुको बारेमा जानकारी प्राप्त भएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा वडा कार्यालयको भूमिका बारे स्पष्ट भएको।
- श्रमको सम्मान, राष्ट्रको अभियानको प्रचारप्रसार भएको।

## श्रमिक सम्मान कार्यक्रम




श्रम को सम्मान कार्यक्रम अन्तरगत यस रोजगार सेवा केन्द्रले सार्वनजिक बिकास निर्माणमा गत आर्थिक बर्ष यस लालझाडी गाउँपालिका लाई योगदान गरेवापत वडा कार्यालयको सहयोगमा प्रत्येक वडा बाट एक एक जना श्रमिकहरु लाई खादा र कदर प्रत्र सहित सम्मान क्रियाकलाप गरेको थियो। सम्मानित हुने श्रमिकहरुको विवरण तल उल्लेख गरिएको छ।

| क्र.स | नाम थर | वडा | सम्मानित योजना |
|---|---|---|---|
| १. | लालमती राना | १ | दुर्गा आधारभुत विद्यालयमा २ कोठे भवन निर्माणमा साझेदारी |
| २. | द्रोपती बोहरा | २ | भानु मावि मा ४ कोठे भवन निर्माणमा साझेदारी |
| ३. | पदम सिंह महत | ३ | सरस्वती मा वि पुरानो संरचना भत्काउने र पुन: निर्माण |
| ४. | भावना बिष्ट कुँवर | ४ | जनचेतना आ वि जाईजलाको भवन निर्माणमा साझेदारी |
| ५. | सोनु दमाई | ५ | बाल ज्योति आधारभुत विद्यालयमा ३ कोठे भवन निर्माणमा साझेदारी |
| ६. | ठुम बहादुर चौधरी | ६ | लालझाडी ६ देखि बेलौरी ९ जोड्ने मार्ग हरियाली मार्गमा ट्रेन्च निर्माण |

## ७. सुरक्षित वैदेशिक रोजगारी कार्यक्रम

देशमा आन्तरिक रोजगारीका अवसर नहुँदा अधिकांश नेपालीको वैदेशिक रोजगारी मा जाने गरेका छन् भने देशनै वैदेशिक रोजगारको पर निर्भरता रहेको छ। यस अर्थमा यस लालझाडी गाउँपालिकाका युवा बेरोजगारहरु पनि रोजगारीको अवसरका खोजीका निम्ती विभिन्न मुलुकमा गएको पाईन्छ। वैदेशिक रोजगारीका जान तयारी गरिरहेका यहाँका बेरोजगारहरु विदेश तथा स्वदेशमा अपनाउनु पर्ने नियम कानुन तथा वर्तमान अवस्थाका सन्दर्भमा जानकारी गराउने उदेश्यले यो कार्यक्रम प्रत्येक वडामा राखिएको थियो।




वैदेशिक रोजगारीलाई मर्यादित सुरक्षित बनाउन नेपाल सरकारले वैदेशिक रोजगारसँग सम्बन्धित महत्त्वपूर्ण ऐन, नियमावली, नीति नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधिहरू वैदेशिक रोजगार ऐन, २०६४ वैदेशिक रोजगार नियमावली, २०६४ स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ वैदेशिक रोजगार

नीति, २०६८ जस्ता विभिन्न कानुनी व्यवस्था गरेको छ। यि सबै विषयवस्तुको जनचेतना अभिवृद्धि गर्न रोजगार सेवा केन्द्र बाट सुरक्षित बैदेशिक रोजगारी कार्यक्रम गरिएको थियो। यस कार्यक्रम बाट सबै वडा १४० जम्मा युवाहरुको संलग्ता रहेको थियो।

कुल बजेट: १ लाख, खर्च १ लाख

## कार्यक्रममा छलफल भएका विषयवस्तु



- बैदेशिक रोजगारी र लालझाडीको अवस्था
- बैदेशिक रोजगारीको समसामयिक अवस्था
- बैदेशिक रोजगारीको चरणहरु
- बैदेशिक रोजगारी व्यवस्थित गर्न हाल बनेका विद्यमान कानुनहरु
- बैदेशिक रोजगारीमा संलग्न विभिन्न सरकारी तथा गैर-सरकारी सरोकारवालाहरु
- बैदेशिक रोजगारीमा जान पूर्व र पश्चान ध्यान दिनु पर्नेकुराहरु
- व्यक्तिगत तथा पुन: श्रम स्वीकृती
- बैदेशिक रोजगार विभागको Database Feims का सम्बन्धमा
- वैदेशिक रोजगार वोर्डका सेवाहरु कसरी FEWIMS बाट रोजगार सेवा केन्द्रहरु मार्फत प्राप्त गर्न सकिन्छ।

## ८. कार्यस्थल पूर्व श्रमिक अभिमुखीकरण




हरेक बर्षमा सूचीकृत भएका बेरोजगारहरु रोजगारमूलक योजनमा काम गर्न छनौट भए पश्चात उनीहरुलाई काममा परिचालन गर्न पुर्व सम्बन्धीत योजना सँगको विषयवस्तुहरु को जानकारी गराउन प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिकामा दफा ५८ बमोजिम अभिमुखीकरण गर्ने कानुनी व्यवस्था छ। रोजगार सेवा केन्द्रले पनि सोही बमोजिम यस बर्षको मिति २०८०/१०/०७ र ११/२० का दिन वडा नं.१, मिति २०८०/११/१४ का दिन वडा नं.२,मिति २०८०/११/२१ मा वडा नं.५, र मिति २०८०/११/२२ मा वडा नं.४ मा गरि कार्य संचालन भएका सम्पूर्ण वडाहरुमा छनौट भएका बेरोजगार ब्यक्तिहरुलाई लक्षित गरी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएकोका थियो।

बजेट ५०००० खर्च ५००००

## कार्यक्रममा छलफल भएका विषयवस्तु

- प्रम रोका र युवारुप आयोजना अन्तर्गत छनौट भएका श्रमिकहरुलाई कार्यक्रमको उदेश्य र प्रकृतिका सम्बन्धमा
- सञ्चालन हुने योजनाका प्राविधिक पक्ष
- कामको जिम्मेवारी र कार्य सम्पादन गर्ने विधि वा तरिका
- आवश्यक कागजात, हाजिरी, पारिश्रमिक तथा अन्य सेवा सुविधा
- कार्यस्थल जोखिम र कार्यस्थल सुरक्षाका आधारभुत विषयहरु
- प्राथमिक स्वास्थ्य सँग सम्बन्धित बिषयहरु
- समाजीक सुरक्षा र म्यादी विमा
- कार्यस्थलमा हिंसा आचरण र अनुशासन सम्बन्धी बिषय

## ९. रोजगार सम्वाद मञ्च




प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४८ र एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा २१ मा रोजगार सम्वाद मञ्चको व्यवस्था गरिएको छ। रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम २४ बमोजिम लालझाडी गाउँपालिकाले रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरि सो बमोजिमका कार्यहरु गर्दै आएको छ। यसबर्ष पनि रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचानका सम्बन्धमा रोजगार संवाद मञ्चको आयोजनमा लालझाडी रोजगार बहस संचालन भएको थियो।

बजेट ३०००० खर्च ३००००

## कार्यक्रममा छलफल भएका विषयवस्तु




- संघीय,प्रदेश र स्थानीय सरकार र मातहतका निकायहरूबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू बीच समन्वय र सहकार्य।
- बेरोजगारीको समस्या समाधान गर्न रोजगारी सिर्जनाका नवीनतम उपाय, ढाँचा तथा विधिहरुमा छलफल।
- बेरोजगारीको समस्यालाई दिगो वा दीर्घकालीन रुपमा समाधान गर्न रोजगारी सम्बन्धी विषयमा आवश्यक नीति, रणनीति, कार्यनीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न परामर्श दिने तथा सुझाँव।

- स्थानीय तहको जनसांख्यिक विवरण,रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या, रोजगारीको सम्भव्यता, सीप विकास,रोजगार गन्तव्यको नक्साङ्कन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जूमा गर्न आवश्यक राय, सल्लाह माग।

## १०. स्थानीय तहको रोजगार रणनीति अध्यावधिक र कार्यान्वयन

बढदै गरेको बेरोजगारीको समस्यालाई समाधान गर्न तथा अन्तरिक रोजगारीका पर्याप्त अवसरहरुको कमीका कारण रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थालाई निरुत्साहित गर्न स्थानीय तहभित्रै आन्तरिक रोजगारीका पर्याप्त अवसरहरु सिर्जना गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि आवश्यक्ता अनुसार सीपयुक्त, दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गरि श्रम बजारमा आपूर्ति गर्ने अभिप्रायले आर्थिक बर्ष २०७९/८० मा यस रोजगार रणनीति तयार गरिएको थियो।




आर्थिक बर्ष २०८०/८१ का लालझाडी रोजगार रणनीतीलाई अझ आवश्यक पर्ने तथ्य तथ्याङ्कलाई लाई बस्तुनिष्ठ बनाइ यस गाउँपालिका स्थानीय निर्देशक समितिको निर्णय बनाई लालझाँडी गाउँपालिकाको रोजगार रणनीय तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको सम्योजनमा अन्य विषयगत शाखाका कर्मचारीहरु सम्मलीत समिति तयार गरि स्थानीय रोजगार रणनीत अध्यावधिक गरि कार्यान्वयनका लागि श्रम रोजगारको क्षेत्रमा बजेट बृद्धिका लागि अनुरोध समेत गरिएको थियो।

स्थानीय रोजगारदाता तथ्याङ्क सम्बन्धी गाउँपालिकाको रोसके बाट तथ्याङ्क संकलन भई रणनीति तयार पार्न अझ सहयोग भएको थियो भने सुझाव संकलन कार्यशाला गोष्ठीबाट प्राप्त राय सुझाव र नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, कानून, रणनीति आदिमा भएको प्रावधानहरुलाई समेत मध्यनजर गरी रोजगार रणनीतिक अध्यावधिक गरिएको थियो।

प्रस्तुत रणनीति मार्फतको छलफल पश्चात केहि थपघट गरि रणनीतिक योजनालाई अन्तिम रुप दिईएको दिन आवश्यक तयारी गरिएको थियो। आन्तरिक रोजगारी सिर्जनाका लागि रोजगार प्रर्वद्धन गर्न, श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न, स्वरोजगारका अवसर सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न, रोजगार विनिमय सेवा, उद्यमशिलता विकास, सुरक्षित आप्रवासन, वैदेशिक रोजगारीलाई सुरक्षित,



मर्यादित र शोषणमुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्ने उद्देश्य राखेर लालझाडी गाउँपालिकाले  रोजगार रणनीतिक योजना अध्यावधिक गरि कार्यान्वयनमा गएको देखिन्छ। रोजगार रणनीतीले तय गरेका बिषयवस्तुमा आवश्यक बजेट बिनियोजन नहुँदा रोजगारीका क्षेत्रका क्रियाकलाप गर्न नसकिएको अवस्था छ। रोजगार रणनीति अध्यावधिक कार्यदलका सदस्यहरुको विवरण तल उल्लेख गरिएको छ।

| सि.न. | नाम / थर | पद | शाखा |
|---|---|---|---|
| १ | श्री राज बहादुर सार्की | प्रमुख प्रशासकीय अधिकृत | कार्यदल संयोजक |
| २ | श्री शिद्ध राज भट्ट | शिक्षा अधिकृत | शिक्षा युवा तथा खेलकुद कार्यालय |
| ३ | श्री केशव दत्त पन्त | रोजगार संयोजक | रोजगार सेवा केन्द्र |
| ४ | श्री बैगनाथ चौधरी | इन्जिनीयर | पूर्वाधार शाखा |
| ५ | श्री नरेश प्रसाद भट्ट | वरिष्ट उद्यम सहजकर्ता | उद्योग वन तथा वातावरण |
| ६ | श्री दशरथ साउँद | कृषि स्नातक | कृषि शाखा |
| ७ | श्री बिशन सिंह बिष्ट | प्रा.स. | शहकारी शाखा |
| ८ | श्री नयन चौधरी | रोजगार सहायक | रोजगार सेवा केन्द्र |
| ९ | श्री प्रभु राज जोशी | सहायक चौथो | शहकारी शाखा |

बजेट ५०,०००                    खर्च ५०,०००

## ११. स्थानीय रोजगारदाता तथ्याङ्क संकलन





स्थानीय तहमा आर्थिक विकासका गतिविधि लाई बढाउन आवश्यक देखिन्छ तब मात्र स्थानीय तह आफैमा बलियो र आत्मनिर्भर बन्न सक्दछ । यि यस्तै आवस्था लाई मध्यनजर गर्दै लालझाडी गाउँपालिकाको श्रम रोजगार तथा उद्यम वाणिज्य विकास रणनीति तथा कार्यनीति तय गर्न रोजगारदाता तथ्याङ्क आवश्यक थियो।

कृषिमा आधारित पालिका भए पनि शिक्षाको कमी, प्रविधिको उचित प्रयोग, सीप विकासमा क्षमता नहुँदा उत्पादन वृद्धिमा समस्या रहँदा यहाँका कृषि उत्पादनहरुले स्थानीय बजारहरुमा उपलब्धता बाहेक ठूलो बजार सँग प्रतिस्पर्धा गर्न नसकिएको अवस्था छ।

बजेट ५०,०००                    खर्च ५०,०००

स्थानीय स्तरमा रहेका रोजगारदाताहरुको तथ्याङ्क संकलन गरी वस्तु स्थिती विश्लेषण विभिन क्षेत्रका उद्यम व्यवसाय र रोजगारी स्वरोजगार गरिरहेका सम्बन्धमा आवश्यक तथ्याङ्क नहुँदा आगामी दिनमा पालिका ले अख्तियार गर्ने रणनीतिमा असर परेको थियो। रोजगार सेवा केन्द्रले सम्पुर्ण वडा कार्यालयहरुको सहयोगमा पालिका बाट एक जना तथ्याङ्क संकलनकर्ता मार्फत आवश्यक तथ्याङ्कहरु संकलित गरेको थियो। यस क्षेत्रका अधिकांश रोजगारदाता साना प्रकृतिका पूँजी प्रविधी र उपयोग पनि उच्च स्तर सम्म गर्न नसिकिएको देखिन्छ। लालझाडी क्षेत्र भित्र संचालन गरेका व्यवसायहरु निम्न लिखित छन् ।






## १२. व्यक्तिगत श्रम स्वीकृत, पुन: श्रम स्वीकृति

वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) मन्त्री स्तरीय निर्णय अनुसार मिति २०८० बैशाख १ गते देखि वैदेशिक रोजगारीमा जानेहरु व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रबाट नै आवेदन गर्ने कार्य हुने भए बमोजिम यस गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रबाट पनि आवेदन गर्न सकिने व्यवस्था गरिएको थियो ।




तत् पश्चात रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृतिमा सहजीकरण गर्ने कार्य शुरुवात भएको थियो। आर्थिक बर्ष २०८०/८१ यस सेवा केन्द्र बाट कुल जम्मा ६ जनालाई श्रम स्वीकृतीमा सहजीकरण तथा श्रम सम्बन्धी विषयमा .१३९ आप्रवासन परामर्श सेवा उपलब्ध गराइएको छ।

आ.व. २०८०/८१ मा यस गाउँपालिका मार्फत पुनः श्रम स्वीकृति लिने व्यक्तिहरुको विवरण यस प्रकार रहेको छ।

| अन्तिम श्रम स्वीकृत सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.न | नाम थर | पासपोर्ट नं. | ठेगाना | प्रस्थान भएको देश | श्रम स्वीकृत प्रकार | कैफियत |
| १ | आसरे राना | 7993034 | वडा नं. ४ | Saudi Arabia | पुनः श्रम स्वीकृति | स्वीकृत |
| २ | जितेश राना | 111919773 | वडा नं. ४ | Saudi Arabia | पुनः श्रम स्वीकृति | स्वीकृत |
| ३ | लौटन डगौरा | PA1697347 | वडा नं. ४ | Saudi Arabia | पुनः श्रम स्वीकृति | स्वीकृत |
